बाराही जात्रा : पूजा मात्र.....। पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com खबरपत्रिका साप्ताहिक

कार्यालय:
थाहा नगरपालिका-८
मिडिया चोक, मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com



● मकवानपुर, वर्ष-१३, ● अंक-४५ ● २०७८ जेठ १० गते सोमबार, ● 24 May. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## थाहानगरमा स्वाव संकलन तीव्र



◆ विकास संवाददाता

थाहानगरमा वडावडा मै पुगेर स्वाव संकलनको काम तीव्र पारेको छ । स्वास्थ्य केन्द्रमा बिरामी भै आएकाहरू मध्ये धेरैजसोमा कोभिड-१९ को दोस्रो भेरियन्टबाट संक्रमित भएको पाएपछि फिल्ड मै गएर स्वाव परिक्षणको कार्यलाई तीव्र बनाएको हो तर, स्वाव परिक्षणका लागि स्थानीय डराएपछि स्वास्थ्यकर्मीहरू अचम्मित भएका छन् । ५ जेठमा डाक्टर सहितको स्वास्थ्यकर्मीहरूको टोली थाहा ११ मा पुग्दा स्थानीयहरू स्वाव दिनुको साटो स्वास्थ्यकर्मीहरूबाट परपर गए ।

त्यहाँ पिसिआरका लागि जम्मा ६ जना तयार भए । लक्षण देखिएका ४ जनाको एन्टीजेन परिक्षण गरियो, त्यसमा एक जनाको रिपोर्ट पोजेटिभ आएको डा. रिकेश कार्कीले बताए । उता, ५ जेठमा नै नै १२ नम्बर वडामा ९ जनाको एन्टीजेन परिक्षण गरिएकोमा २ जनाको पोजेटिभ रिपोर्ट आएको थियो । यता, प्राथमिक स्वास्थ्य केन्द्र पालुङमा ८ जनाको एन्टीजेन परिक्षण गरिएकोमा थाहा ३ का ३ जना र थाहा ४ का २ जना गरि ५ जना संक्रमित भेटिएको थियो । उता, स्वस्थ्य केन्द बज्रबाराहीमा ४ जनाको एन्टीजेन परिक्षण गरिएकोमा थाहा ६ का एक जनामा पोजेटिभ देखिएको छ । बाँकी पेज ५ मा

# कृषि शिक्षक निश्चल 'हाइटेक ग्रीन हाउस'मा रमाउँदै

विकास संवाददाता
थाहा नगर

जनजीवन कोरोना महामारीको चपेटामा परेको छ । सरकारले जिल्लाभर निषेधाज्ञा जारी गरेको छ । तर, खेतीपातीको काममा त कसले छेक्ने ? हिजोआज मकवानपुरको थाहा नगर पालिकास्थित जनकल्याण माध्यमिक विद्यालयका कृषि विषयका शिक्षक निश्चल शाक्य दैनिक आफ्नो उच्च प्रविधियुक्त 'हाइटेक' नर्सरीमा भेटिनुहुन्छ । नर्सरीमा अहिले काउली, बन्दा, खुर्सानी, गोलभैंडाजस्ता तरकारीका बेर्नाहरू हुर्किरहेका छन् । कोरोना प्रभावको कारण विद्यालयमा प्रत्यक्ष पठनपाठन ठप्प भएको बेला निश्चल भने आफ्नो पूरा समय नर्सरीमा बिताइरहेका छन् ।

बागलुङको बागलुङ नगर पालिका वडा नम्बर ४ का स्थायी बासिन्दा निश्चल अढाई वर्षअघि मकवानपुरको थाहा नगरपालिकामा कृषि प्रशिक्षकको रूपमा आएका थिए । प्राविधिक धारतर्फ कक्षा ९-१२ मा बाली विज्ञान र प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्अन्तर्गत डिप्लोमा तहमा कृषि विषयको पठन पाठन भइरहेको जनकल्याण माविमा कृषि प्रशिक्षक आवश्यकताको विज्ञापन खुलेपछि थाहा नगरका अत्यन्त मिल्ने साथी विनोद केसीले उनलाई निवेदन दिन सुझाएका थिए । जनकल्याण माविमा कृषि प्रशिक्षकको जागीर खाएपछि उनी जागीरमा मात्र सीमित भएनन् । विद्यार्थीहरूलाई व्यवहारिकरूपमा फिल्डमा समेत सक्रिय गराउनु त उनको कर्तव्य थियो नै, त्यसको अतिरिक्त कृषिमा नवीनतम प्रविधि भित्र्याएर कृषकहरूका लागि केही गर्न सकिन्छ कि भनेर सोचिरहेका थिए । त्यही सोचको परिणाम अहिले थाहा नगरपालिकामा मात्र होइन, नेपालमै पहिलोपटक जापानी प्रविधिको ग्रीन हाउस निर्माण गरेर हाइटेक नर्सरी स्थापना गरिएको निश्चल बताउँछन् ।



थाहा नगरपालिका झण्डै सत्प्रतिशत घरपरिवार कृषिमा आश्रित भएको स्थानीय तह हो । थाहालाई कतिपयले 'बेमौसमी तरकारीको राजधानी'को संज्ञासमेत दिने गर्दछन् । तीन दशकयता यहाँका कृषकहरूले बमौसमी नगदे तरकारी खेती गर्दै आएका छन् । मुख्य तरकारी बालीहरू आलु, काउली, बन्दा, मूला, गाँजर, धनिया, खुर्सानी, मटरकोसा, गोलभेडा आदि हुन् । काठमाडौं, हेटौंडा, पोखरा, विराटनगर, दमौली, वीरगन्ज, नारायणगढ लगायतका सहरहरूमा थाहा नगर पालिकाको तरकारीको माग हुन्छ । त्यतिमात्र होइन, थाहाको तरकारी भारत, भुटान र श्रीलङ्कासम्म निर्यात् हुन्छ । बेमौसमी भएकोले तरकारीको मूल्य पनि राम्रै पाइन्छ । तर, यस्ता तरकारी उत्पादन गर्नका लागि गुणस्तरीय बीउ र बेर्ना उत्पादन गर्न नसक्नु यहाँका कृषकहरूको मूख्य समस्या हो । यही समस्या र आवश्यकतालाई बुझेर निश्चलले कृषकहरूलाई गुणस्तरीय बेर्ना उपलब्ध गराउन हाइटेक नर्सरी शुरू गरेका हुन् ।

आधुनिक कृषिमा विश्वकै नमूना बनिरहेका जापान र इजरायलमा धेरैजसो हाइटेक ग्रीन हाउसमा तरकारी खेती हुने गरेको छ । तर नेपालमा भने यसअघि जापानी प्रविधिको ग्रीन हाउस निर्माण नगरिएको निश्चलको भनाइ रहेको छ । जापानको मात्सुजाकाया प्रा.लि.को सम्बन्धनमा मिसन फर ग्रीन इन्टरप्राइज प्रा. लि.ले नेपालमा यस वर्ष मकवानपुरको थाहा नगरपालिकासहित पोखरा, सिन्धुपाल्चोक र बागलुङमा यस्तो प्रविधिको ग्रिन हाउस निर्माण गरिएको उनले बताए । यो नै नेपालमा भित्रिएको जापानिज प्रविधिको पहिलो ग्रीन हाउस भएको उनको दाबी रहेको छ । निश्चल मिसन फर ग्रीन इन्टरप्राइज प्रा. लि.मा आवद्ध छन् ।

अहिले नेपालमा आम कृषकहरूले निर्माण गरिरहेको ग्रीन हाउस इजरायली प्रविधिको हो । अहिले नेपालमा आम कृषकहरूले ग्रीन हाउस निर्माण गर्दा ९० देखि १२० जिएसएम(ग्राम प्रति वर्गमिटर) को सिल्पोलिन प्लास्टिकको प्रयोग हुन्छ । जापानी प्रविधिको ग्रीन हाउसमा भने सुपर सिल्पोलिन प्लास्टिकको प्रयोग गरिएको हुन्छ जुन ४५ देखि ६० जिएसएमबाट बनेको हुन्छ । प्लास्टिकमा जति जिएसएम कम भयो त्यतिकै मात्रामा सूर्यको प्रकाश छिर्ने निश्चलको भनाइ रहेको छ । इजरायली प्रविधिको ग्रीन हाउस एक-दुई वर्षमै प्रभावहीन हुने तर जापानी प्रविधिको ग्रिन हाउस ५ देखि ७ वर्षसम्म टिक्ने भएकोले निश्चल यो प्रविधितर्फ आकर्षित भएका हुन् ।

यस प्रविधिको ग्रीन हाउसमा प्रयोग हुने पाता तथा पाइप २० वर्षसम्म टिक्नुका साथै सुपर सिल्पोलिन प्लास्टिकका कारण करिब ४ सेन्टीमिटर सम्मको असिना थेग्न सक्ने हुन्छ । यो प्लास्टिक सिसाजस्तै पारदर्शी हुन्छ । सुपर सिल्पोलिन प्लास्टिकबाट बनेको जापानी प्रविधिको ग्रीन हाउस सामान्यतया ६ दशमलव ४ मिटर चौडाइ र २५ मिटर लम्बाइको निर्माण गरिन्छ । यसमा प्रयोग हुने सामान ३ जना कामदारले सजिलै बोक्न सक्छन् भने ३ जना दक्ष कामदारले दुई दिनमा जडान गर्न सक्छन् । यसलाई सजिलै अन्यत्र स्थानान्तरण पनि गर्न सकिन्छ । इजायली प्रविधिको ग्रीन हाउसमा जमिनमा सिमेन्टको ढलान गरेर डण्डीहरू स्थिर बनाइनुका साथै बलियोका लागि 'वेल्डिङ' गरिने भएकोले पछि एक ठाउँबाट अर्को ठाउँमा सार्न सकिँदैन ।

जापानी प्रविधिको ग्रीनहाउस हावापानी अनुसार उचाइ मिलाउन सकिने हुन्छ । आवश्यकता र क्षेत्रफलअनुसार यो ग्रीनहाउस अष्टभुज, यू, भी र ट्रस गरी चार प्रकारको आकारमा निर्माण गर्न मिल्छ । तापक्रम, रोग र कीरा नियन्त्रण गर्न मिल्ने भएकोले ग्रीन हाउसमा गुणस्तरीय बेर्ना तयार पार्न सकिने निश्चल बताउँछन् । अहिले निश्चलले थाहा नगर पालिका वडा नम्बर ४ शिखरकोटमा ३ वटा जापानी हाइटेक ग्रीन हाउस निर्माण गरेका छन् । करिब रू. २३ लाख निजी लगानीमा ग्रीन हाउस स्थापना गरिएको हो । नर्सरीसमेत शुरू गर्दा अहिलेसम्म रू. ३३ लाख लगानी भइसकेको निश्चलले बताए । पूर्ण क्षमतामा नर्सरी सञ्चालन हुँदासम्म रू. ८५ लाख लगानी पुग्ने उनको अनुमान छ । निश्चललाई उनका साथी विनोद केसीले हाइटेक ग्रीन हाउस र नर्सरी परियोजनामा नजिकबाट सघाइरहेका छन् ।

स्थानीय क्षेत्रमा समन्वय गर्नेदेखि हाइटेक ग्रीन हाउस र नर्सरी व्यवस्थापनमा विनोदको महत्वपूर्ण योगदान रहेको निश्चलले बताए ।

'विनोदसँग चिनजान नभएको भए म यतिबेला थाहामा हुने थिइन होला, यो प्रोजेक्ट.(नर्सरी) शुरू गर्न र व्यवस्थापन गर्न महत्वपूर्ण भूमिका उनकै छ' निश्चलले भने । उनलाई प्रशासनले जारी गरेको निषेधाज्ञा मात्र होइन, घाम-पानी, हुरी र असिनाले पनि छेकेको छैन । बाँकी पेज ५ मा

## व्यक्तिगत घटना दर्ता सम्बन्धी जरुरी सूचना !

**जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।**

**थाहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
*इन्द्रायणीचौर, मकवानपुर*

## नेपाल सरकारको सूचना !

*स्वास्थ्य नै ठूलो धन हो ।*
*कोभिड-१९ को संक्रमणबाट आफू बचौं र अरुलाई पनि बचाऔं,*
*जनस्वास्थ्य सुरक्षाका मापदण्ड तथा प्रोटोकलहरु अनिवार्य रुपमा पालना गरौं ।*

- अत्यावश्यक काम बाहेक अन्तराष्ट्रिय सीमा, सीमावर्ती क्षेत्र, अन्तरजिल्ला र जिल्ला भित्रका कोभिड-१९ संक्रमणको उच्च जोखिम भएको क्षेत्रमा आवतजावत नगरौं ।
- अत्यावश्यकीय कामका लागि त्यस्ता क्षेत्रहरूमा आवत जावत गर्दा अनिवार्य रूपमा मासक लगाऔं ।
- अनावश्यक भिडभाड नगरी, भौतिक दुरी कायम गरौं ।
- सरकारले गरेको अनुरोध पालना नगर्नेलाई प्रचलित कानून बमोजिम तत्काल कारबाही गर्न सक्ने भएकाले सबैले सरकारको अनुरोध, पालना गरौं ।

**नेपाल सरकार**
**सूचना तथा सञ्चार प्रविधि मन्त्रालय**
**सूचना तथा प्रशारण विभाग**

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# सम्पादकीय

## स्थानीय तहको सक्रियता

हाम्रो नेपाली समाजमा एउटा प्रचलित भनाइ छ 'विपत्ति बाजा बजाएर आउँदैन।' र, हामीले हरेक विपत्तिको सामना गर्नु पनि पर्छ। यस्तै विपत्तिमा अहिले हामी छौं। अदृश्य दुश्मन (कोरोना भाइरस) ले देखिने असर गरेको छ, त्यो पनि चाँडै । तर, यो विपत्ति बाजा बजाएरै आयो भन्नु अतिशयोक्ति नहोला। किनकि पहिलो चरणको कोरोना संक्रमण पनि अन्य देश हुँदै हाम्रो देश आइपुगेको हो। दोस्रो लहर पनि छिमेकी मुलुक भारतमा देखिएको केही समयपछि मात्रै नेपालमा फैलियो। यसको प्रत्यक्ष सूचना हामीसँग थियो, धेरै जानकार थियौं। पहिलो चरणको कोरोना महामारीमा संक्रमण ढिला गरी फैलिएको थियो। प्रदेशहरूले कोभिड अस्पतालको व्यवस्थापन गर्न पाए। स्थानीय तहमा अस्थायी आइसोलेसन र होल्डिङ सेन्टर पर्याप्त बने। निश्चित लक्षण देखाउँदै आएको महामारीमा तीनै तहका सरकारले हात धुन र मास्क लगाउन सिकाउँदै पनि करोडौं खर्च गरे। सहजै कोरोनालाई जितेर फर्किनेको तथ्यांक राखियो, कथा पनि बन्यो। संक्रमितलाई अस्पतालमा राख्न र स्वास्थ्य सामग्री जुटाउन सरकारलाई पसिना काढ्न खासै परेन। भएका र किनेका स्वास्थ्य सामग्री केही आरोपबीच पर्याप्त भए। पहिलो महामारीलाई छल्यौ पनि। अब समय सहज छैन।

महामारीले पूर्णविराम लगाउँदैन भन्ने हेक्का राख्ने बेला आएको छ। इतिहासलाई केलाउँदा पनि समयसमयमा आएका महामारीले विश्वमा करोडौंको ज्यान लिएको छ। कोरोना महामारीले पनि आफूलाई परिवर्तन गर्दै मानव स्वास्थ्यसँगको युद्ध रोकेको छैन। विश्वलाई नै आच्छु–आच्छु बनाएको कोरोनाको दोस्रो चरणको भेरियन्टले छिमेकी मुलुक भारतसहित नेपाललाई गलाउन थालेको छ। यो महामारीलाई रोक्नु त परकै कुरा, तत्कालका लागि बाँच्नु र बचाउनु ठूलो काम बनेको छ। देश संघीयतामा गएसँगै 'गाउँगाउँमा सिंहदरबार' पुगेका छन्। सरकारको उपस्थिति नागरिकसम्म पुगेको मान्नुपर्छ। हरेक सरकारी कामका लागि सदरमुकाम पुग्नुपर्ने बाध्यता टरेर गाउँमै सेवा पाउँदा नागरिकको मुहार हँसिलो थियो। तर, स्वास्थ्यको सुधार र आइपर्ने महामारी नियन्त्रणका विषय तीनै तहको प्राथमिकता समयमा नपर्दा अहिले कोरोनासँग पौंठेजोरी खेल्न हम्मे–हम्मे परेको छ। 'दुःख नपरी चेतिँदैन' भनेझैं यो महामारीले पाठ सिकाएको छ। तीनै तहको मुख्य प्राथमिकता सवारी खरिद, भवन निर्माण, तलब भत्ता र सडक खन्नमा परे। तर, स्वास्थ्य संस्थाको सुधार, एम्बुलेन्स, शव वाहन, अक्सिजन प्लान्ट निर्माणमा परेनन्। त्यसको सजाय अहिले नागरिकले भोग्नु परेको छ, समयमा अक्सिजन नपाउँदा छट्पटाउनु परेको छ।

तीन तहका सरकार अहिले अक्सिजन सिलिन्डर जुटाउन र उद्योग खोजेर भर्न लागिपरेका छन्। आफूले चढ्ने गरेका आधा करोडदेखि करोड–करोडसम्म पर्ने गाडी एम्बुलेन्सका लागि प्रयोग गर्न भन्दै सस्तो प्रचार गर्नु जनप्रतिनिधिको यो समयमा उपलब्धि होइन, दीर्घकालीन सोच नहुँदा आफैंले भोगेको सजाय हो। एम्बुलेन्स र शववाहन भन्सार छुटमा आउँछ। एउटा सामान्य अक्सिजन प्लान्ट बनाउन राम्रो किन्न जति पनि खर्च लाग्दैन। गाउँपालिकाले पनि विद्युत् पुगेको स्थानमा अक्सिजन प्लान्ट आफैं राखेर निश्चित शैयाका अस्पताल पनि निर्माण गर्न सक्छ। अधिकार पनि दिइएको छ। कति निजी अस्पतालले आफैं अक्सिजन प्लान्ट राखेर बिरामीलाई सेवा गरिरहेका उदाहरण हामीबिच प्रशस्त छन्। महामारीले जात, धर्म, वर्ण, पेशा र शक्ति छुट्याउँदैन, यो सकिने पनि होइन। यसमा तिनले आजै ध्यान दिएर काम गरे ढिला भएको छैन। महामारीलाई अवसर ठानेर संघीयता कार्यान्वयन गर्दै प्रत्येक तहले आफूलाई अब्बल बनाउने र जनताको मन जित्ने सुनौलो क्षण सबैले ठान्नू पर्दछ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:०० | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: ०० | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:०० | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १०:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १०:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १०:३० | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३० | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३० | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३० | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३० | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३० | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:०० | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३० | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# कोरोना संक्रमण नियन्त्रणमा स्थानीय तहको भूमिका के हुनसक्छ ?



छवि रिजाल

सिंगो मानवजातिलाई नै चुनौती दिइरहेको कोभिड–१९ को दोस्रो लहर नेपालमा पनि तुफानी बेगमा फैलिइरहेको छ । नेपाल अहिले कोरानाभाइरसका कारण भयात्रान्त छ र हामी महामारीविरूद्ध युद्धरत छौं । युद्धमा साहस र उच्च मनोबलको आवश्यकता पर्छ । युद्धको समयमा मनमा भय लिने हो भने पराजय अवश्यम्भावी छ । तसर्थ हामी कोरोनाविरूद्धको युद्धमा विजय प्राप्त गर्न चाहन्छौं भने सर्वप्रथम हाम्रो मनमा रहेको भयलाई जरैदेखि उखेल्नुपर्छ र सावधानीपूर्वक अगाडि बढ्नु पर्छ ।

कोरोनाको नियन्त्रण र रोकथामका लागि सम्पूर्ण विश्वले शक्ति लगाइरहेको छ । कोरोनाको संक्रमणबाट कुनै पनि मुलुक अछुतो छैन । यसविरूद्ध लड्न संसार एकजुट भएको अवस्था छ भने नेपालले निषेधाज्ञा तथा अन्य विशेष सावधानीका उपाय अपनाउँदै आएको छ । संघ, प्रदेश र स्थानीय तह आ–आफ्नो स्थानबाट युद्धस्तरमा यस महामारीविरूद्ध लडिरहेको अवस्था छ । छिमेकी मुलुक भारतलगायत अन्य राष्ट्रबाट आएकालाई व्यवस्थापन गर्न क्वारेन्टिन र आइसोलेसनको व्यवस्था गर्न लागिपरि रहेको पृष्ठभूमिमा जनताको प्रत्यक्ष र नजिकको भनेर चिनिएको स्थानीय सरकार यस महामारीविरूद्ध लड्न अझ सशक्त र जुझारू रूपमा लाग्नुपर्ने चुनौती पनि थपिएको छ ।

नेपालको पूर्व, दक्षिण र पश्चिम तीन वटै दिशामा भारतसँग खुला सिमाना छ । खुला सिमानाका कारण आवागमनमा सहजता भएकाले छिमेकी मुलुक भारतको महाराष्ट्रबाट फैलिएको कोभिड–१९ को दोस्रो लहरले नेपाल पनि अछुतो रहन सकेन । गत साल पनि भारतबाट नेपाल फर्किनेका कारण भाइरस व्यापक मात्रामा फैलिएको थियो तर संक्रमण नियन्त्रणभन्दा बाहिर गएको थिएन । यस पटकको कोरानाभाइरस गत वर्षको भन्दा धेरै नै शक्तिशाली र खतरनाक पुष्टि भएको छ ।

हालैमात्र नेपालमा कोभिड–१९ को नयाँ भेरियन्ट (बि.वान.सिक्स वान सेभेन.टु) पुष्टि भएको कुरा विश्व स्वास्थ्य संगठनले जनाएको छ । हाल पत्ता लागेको नयाँ भाइरस सबै उमेर समूहमा धेरै संक्रामक र जोखिमपूर्ण रहेको पाइएको छ ।

**महामारी नियन्त्रणमा स्थानीय तहको भूमिका**

नेपाल सरकारले कोरोनाभाइरस रोकथाम तथा नियन्त्रण गर्न बनाइने क्वारेन्टाइन सञ्चालन तथा व्यवस्थापन मापदण्ड, २०७६ तथा असंगठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायलाई उपलब्ध गराइने राहतसम्बन्धी न्यूनतम मापदण्ड, २०७६ र कोभिड–१९ को कारण प्रभावित क्षेत्रको लागि राहत सुविधा प्रदान गर्ने कार्ययोजना, २०७६ तर्जुमा गरी स्थानीय तहलाई कार्यसम्पादन गर्न सहजीकरण गरिरहेको छ । नेपालको संविधानले आम नागरिकका लागि स्वास्थ्यसम्बन्धी मौलिक हकको व्यवस्था गरेको छ । संविधानमा 'प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने हक हुने, कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवाबाट बन्चित नगरिने, प्रत्येक व्यक्तिलाई आफ्नो स्वास्थ्य उपचारको सम्बन्धमा जानकारी पाउने हक र प्रत्येक नागरिकलाई स्वास्थ्य सेवामा समान पहुँचको हक हुने' भन्ने व्यवस्था मौलिक हकको रूपमा रहेको छ । संविधानमा स्वास्थ्यसम्बन्धी अधिकार तीन वटै तहको एकल तथा साझा अधिकारको सूचीमा पनि समावेश गरिएको पाइन्छ ।

अनुसूचीमा उल्लिखित स्वास्थ्यसम्बन्धी अधिकारको विश्लेषण गर्दा संघीय सरकारले स्वास्थ्य नीति तथा मापदण्ड, स्वास्थ्य सेवाको गुणस्तर नियमन, विशिष्ट सेवा प्रदायक अस्पतालको व्यवस्थापन र सरूवा रोग नियन्त्रण गर्नेजस्ता बृहत प्रकृतिका कार्य रहेका छन् । अनुसूची–६ को प्रकरण ९ मा 'स्वास्थ्य सेवा' भन्ने उल्लेख भएबाट स्वास्थ्यसम्बन्धी धेरै काम प्रदेशको जिम्मेवारीमा पर्ने देखिन्छ । त्यसैगरी अनुसूची–८ अर्थात् स्थानीय तहको एकल अधिकारको सूचीअन्तर्गत प्रकरण ९ मा 'आधारभूत स्वास्थ्य र सरसफाई' भन्ने उल्लेख भएको हुँदा स्वास्थ्यसम्बन्धी आधारभूत प्रकृतिका काम भने स्थानीय तहको जिम्मेवारीमा पर्ने देखिन्छ । अहिले स्थानीय तह धेरै बलिया भएका छन् । संविधान तथा कानुनले प्रर्याप्त अधिकार दिएको छ । आफ्नो अधिकार क्षेत्रभित्रको विषयमा कानुन बनाउने, वार्षिक बजेट बनाउने, निर्णय गर्ने, नीति तथा योजना बनाई त्यसको कार्यान्वयन गर्नेजस्ता अधिकार संविधानद्वारा नै प्रदान गरिएको छ ।

सम्पूर्ण स्थानीय तहमा निर्वाचित जनप्रतिनिधि छन्। योग्यता प्रणालीद्वारा छनौट भएका कर्मचारी छन्। स्थानीय तहका प्रायः सबै वडामा सरकारी स्वास्थ्य संस्था रहेको छ। त्यहाँ खटिने स्वास्थ्यकर्मी छन्। त्यसबाहेक महिला स्वास्थ्य स्वंयसेविकाजस्ता स्वंयसेवक प्रकृतिको काम गर्ने स्वास्थ्यकर्मी छन् । स्थानीय तहमा त्रिःयाशील विभिन्न प्रकारका गैरसरकारी संस्था, नागरिक समाजका संस्था, टोल विकास संस्था, आमा समूह, बालक्लब, किशोरी समूह, सहकारी संस्था, महिलाद्वारा प्रवद्धित सहकारी संस्था, गरिबी निवारणका लागि सामुदायिक संस्था, सामुदायिक वन उपभोक्ता समूह तथा विभिन्न प्रकारका सामूहिक रूपमा काम गर्ने संस्था छन् ।

यस्ता संस्था कुनै न कुनै रूपले जनस्वास्थ्यको क्षेत्रमा संलग्न संस्था हुन् । यी संस्थाबीचको अन्तरक्रिया, यिनीहरूको सञ्रूजाल, त्यहाँ आवद्ध जनशक्तिको ज्ञान, सीप तथा अनुभव हाम्रो देशको ठूलो सामाजिक पुँजीका रूपमा रहेको छ । यसका साथै, आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षाको अधिकार पनि स्थानीय तहलाई नै दिइएको छ। त्यहाँ कार्यरत ठूलो संख्याका शिक्षक छन् । हाल प्रायः सबै स्थानीय तहमा निषेधाज्ञा जारी गरिएको अवस्था रहेको हुँदा शिक्षकलाई पनि उचित जिम्मेवारी दिएर कोभिडविरूद्धको महामारीमा जनचेतना जगाउने सामाजिक जिम्मेवारीमा खटाउन सकिन्छ । केही वर्षअगाडि स्थानीय निकायमा निर्वाचित जनप्रतिनिधि बहाल नभएको र कर्मचारीको नेतृत्वमा स्थानीय निकाय सञ्रूचालन भएको अवस्थामा समेत यी नै संस्थालाई व्यापक मात्रामा परिचालन गरी सम्पूर्ण जिल्लालाई खुला दिसामुक्त गरिएको यथार्थ हामीले भुल्नु हुँदैन ।

कोरोना संक्रमणका प्रारम्भिक दिनमा आफ्नो भूमिकाका सम्बन्धमा केही अस्पष्टता र द्धुविधा रहे पनि स्थानीय तह विस्तारै आफ्नो कार्यक्षेत्रको पहिचान गर्दै नागरिक सेवाको अग्रस्थानमा आउन थालेका छन् । यसक्रममा स्थानीय तहले कोरोना संक्रमणविरूद्ध जनचेतना अभियान सञ्चालन, विदेशबाट फर्केका व्यक्तिको पहिचान, लगत संकलन, क्वारेन्टिन निर्माण, आवश्यक उपकरण र औषधि तथा खाद्य सामग्रीको व्यवस्था गरेको छ । त्यस्तै लकडाउनका कारण रोजगारी गुमाएका विपन्न समुदायलाई राहत वितरण, हात धुने तथा सरसफाइसम्बन्धी सुविधा, एम्बुलेन्स सेवाको व्यवस्थापन, सम्भाव्य संक्रमितको जानकारी सम्बन्धित स्थानमा पुऱ्याई उपचार प्रक्रियामा सहजीकरण, स्थानीय प्रहरीसमेतको सहयोगमा कोरोना प्रभावितसँग सम्पर्कमा आएका व्यक्तिको पहिचान र विवरण संकलन स्थानीय तहले गर्दै आएका छन् ।

यस क्रममा वडा समितिलाई वडा तहमा समन्वयकर्ताका रूपमा परिचालन गर्ने असल अभ्याससमेत भएको छ । कोरोना नियन्त्रणका लागि स्थानीय तहका अध्यक्ष/प्रमुखको अध्यक्षतामा सबै वडाध्यक्ष, स्वास्थ्य संस्था इन्चार्ज र आवश्यकताअनुसार अन्य संघ संस्थाका प्रतिनिधिसमेत रहने स्थानीय कोरोना रोकथाम तथा नियन्त्रण समन्वय समिति रहेको र वडाध्यक्षको संयोजकत्वमा वडास्तरीय कोरोना रोकथाम तथा नियन्त्रण समन्वय समिति रहेको छ । सम्बन्धित पालिकाले यी दुबै संरचनालाई क्रियाशील तुल्याई काम गर्नुपर्ने देखिन्छ। यसका साथै, स्थानीय तहसँग सम्बद्ध सबै संघ संस्था, कर्मचारी, जनप्रतिनिधिको जिम्मेवारी बाँडफाँट गरी काममा खटाउनु पर्ने आवश्यकता देखिन्छ। अर्थात्, स्थानीय तहमा रहेको समग्र स्रोत साधन र सामाजिक पुँजीलाई यो महामारी रोकथाम, नियन्त्रण र उपचारका लागि प्रभावकारी रूपमा परिचालन गर्नै पर्छ ।

महामारी फैलिँदै जाँदा संक्रमित, शंकाष्पद संक्रमित र तीनका परिवारका सदस्य नराम्रोसँग आहत भएका छन्, बेसहाराजस्ता भएका छन् अर्थात् अभिभावक गुमाएका टुहुरा बालबालिकाजस्ता भएका छन् । यस्तो अवस्थामा स्थानीय तहले थप क्रियाशील भई अभिभाकत्व लिनु पर्छ। यसका लागि स्थानीय तहको स्वास्थ्य संयोजकको नेतृत्वमा एउटा टिम बनाई संक्रमित भई होम–आइसोलेसनमा बसेकालाई प्रत्येक दिन टेलिफोन सम्पर्क गर्ने, उनीहरूको स्वास्थ्यस्थिति बुझ्ने, स्वास्थ्यसम्बन्धी आवश्यक सूचनाहरू दिने, संक्रमित तथा उनीहरूको परिवारका सदस्यका दुःखसुखका कुरा धैर्यतापूर्वक सुनिदिने, सहानुभूति प्रकट गर्ने, ढाडस दिनेजस्ता विषयमा केन्द्रित भई मनोपरामर्श सेवा उपलब्ध गराउन अत्यन्त जरूरी देखिन्छ ।

बाँकी पेज ३ मा

# कोरोना संक्रमण नियन्त्रणमा...........

द्रुत गतिमा समुदायस्तरसम्म फैलिएको कोरोना संक्रमणको जोखिम न्यूनिकरण, रोकथाम, नियन्त्रण तथा उपचारका लागि स्थानीय तहले धेरै काम गर्न सक्छन् । यस सन्दर्भमा माथि उल्लेख भएबाहेक स्थानीय तहले तत्काल गर्नुपर्ने केही कार्यहरू निम्नानुसार हुन सक्छन:

- प्रत्येक वडामा वडाध्यक्षको संयोजकत्वमा स्वास्थ्यकर्मीसमेत रहेको एक संयुक्त अनुगमन समिति गठन गरी स्वास्थ्यसम्बन्धी मापदण्ड पालना गर्न लगाउने, होम आइसोलेसनमा गई संक्रमितको लागि न्यूनतम औषधि र सहायता सामग्री उपलब्ध गराउने ।
- भारतसँगको खुला सिमाना रहेका स्थानीय तहमा निःशुल्क मास्क वितरण, कोरोना विशेष सचेतना कार्यक्रम तथा साबुन पानीले हात धुने बुथको निर्माण कार्य गर्नेे। साथै, समुदायस्तरमा एन्टिजिन विधिबाट कोभिड-१९ को मास स्क्रिनिङको व्यवस्था गर्ने ।
- प्रत्येक टोलमा कोरोना निगरानी समूह गठन गरी घरका कुनै पनि सदस्य अत्यावश्यक काम नपरी बाहिर निस्कन नदिने, निस्कनै पर्ने भएमा स्वास्थ्य मापदण्ड पालना गर्न लगाउने ।
- नयाँ भाइरस विशेष गरी बालबालिकाका लागि घातक रहेको हुँदा बालबालिका र अभिभावकलाई लक्षित गर्दै विशेष गरी ग्रामीण भेगमा कोरोना सचेतना स्वास्थ्य कार्यक्रम लागू गर्ने ।
- सबै स्वास्थ्य चौकीमा अनिवार्य मास्क, सेनिटाइजर, अक्सिमिटर र ज्वरो नाप्ने थर्मोगनका साथै अत्यावश्यक औषधिको व्यवस्था गर्ने ।
- लक्षण देखिएका सबै व्यक्तिको अनिवार्य पिसिआर परीक्षण गर्ने व्यवस्था गराउने तथा सबै स्थानीय तहमा कन्ट्याक्ट ट्रेसिङको टोली खडा गरी परिचालन गर्ने ।
- अक्सिजन सिलिन्डर अभावका कारण उपचारमा समस्या भइसकेकाको लागि तुरून्तै सिलिन्डरको व्यवस्था गर्ने ।
- पालिकास्तरमा एन्टिजेन परीक्षण नियमित गर्ने तथा पिसिआर परीक्षणको लागि स्वाब संकलन गरी नजिकको ल्याबमा पठाउने ।
- प्रत्येक स्थानीय तहमा शंकास्पद संक्रमितको लागि होल्डिङ सेन्टर बनाउने। लक्षणयुक्त बिरामी आउनेबित्तिकै एन्टिजेन परीक्षण गर्ने। एन्टिजेन परीक्षण गर्दा पोजिटिभ देखिएकालाई आइसोलेसनमा राख्नुने र नेगेटिभ देखिएकालाई घर पठाउने ।
-आइसोलेसनमा रहेकामध्ये श्वासप्रश्वासमा समस्या भएकालाई अक्सिजनको आवश्यकता पर्न सक्ने हुँदा त्यस्ता बिरामीका लागि अक्सिजनको व्यवस्था गर्ने र अक्सिजन उपलब्ध हुन नसकेमा वा गम्भीर प्रकृतिको संक्रमणको लक्षण भएमा तुरून्त नजिकको सुविधा-सम्पन्न अस्पतालमा रेफर गरी अक्सिजन सहितको एम्बुलेन्समार्फत पठाउने ।
- संक्रमितको लागि आइसोलेसन सेन्टर बनाउने। टेलिमेडिसिन सेवामार्फत् त्यहाँ रहेका संक्रमितलाई विज्ञ चिकित्सकसँग सम्पर्क गराई चिकित्सकीय परामर्श उपलब्ध गराउने। संक्रमितलाई आइसोलेसनमा राखी निगरानी तथा उपचार गर्दा समुदायमा थप संक्रमण फैलिने जोखिम कम हुन्छ ।
- स्थानीय प्रहरीसँग समन्वय गरी टोलटोलमा चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, कोरोनाबाट जोगिने उपायको प्रचार प्रसार गर्ने, नियम उल्लंघन गर्ने वा स्वास्थ्यसम्बन्धी मापदण्डको पालना नगर्नेलाई संक्रामक रोग ऐन, २०२० मा भएको व्यवस्थाअनुसार कानुनी कारबाही हुने कुराको जानकारी गराउनुका साथै कानुन उल्लंघन गर्नेलाई कानुनको दायरामा ल्याउन सहयोग गर्ने।

**महामारीको उपचार अत्यन्त दुरूह हुने भएकोले उपचार गर्नुभन्दा रोकथाम र नियन्त्रणमा जोड दिनु नै बुद्धिमत्तापूर्ण हुन्छ ।**

- दुई वा दुईभन्दा बढी स्थानीय तह मिलेर एउटा अक्सिजन प्लान्ट र चिकित्सकसहितको कोरोना अस्पताल सञ्चालन गर्नु पनि उपयुक्त नै हुन्छ ।
- कोरोनाका कारण रोजीरोटी गुमाएर भोकमरीको चपेटामा छटपटाएका मजदुर तथा अति विपन्न वर्गलाई मापदण्ड बनाई राहत वितरण गर्ने र कोरोना पोजिटिभ भई काममा जान नसक्ने अवस्था भएमा आइसोलेसन अवधिभरको लागि निश्रूचित राहत उपलब्ध गराउने ।
- पिसिआर परीक्षणका लागि स्वाब दिइसकेपछि त्यस्तो व्यक्तिले परीक्षणको नतिजा नआएसम्म घरबाहिर कतैपनि जान नहुने कुरा सबैलाई जानकारी गराउने ।
- कोरोना परीक्षण र उपचारका लागि अत्यावश्यक पर्ने औषधि लगायत स्वास्थ्य उपकरणहरू वर्षात् अगावै खरिद गरी मौज्दात राख्ने ।
- हाल सबैतिर अक्सिजनको अभाव भएको हुँदा तत्कालको अप्ठेरो टारी जीवन रक्षा गर्नका लागि केही थान मात्र भए पनि अक्सिजन कन्सन्ट्रेटर मेसिनको व्यवस्था गर्नु उपयुक्त हन्छ। यस्ता मेसिनहरू बिजुलीबाट चल्ने भएकोले भरपर्दो ब्याकअपको पनि व्यवस्था गर्ने ।
- आफ्नो स्थानीय तहमा संक्रमित भएका सबै व्यक्तिको अभिलेख व्यवस्थित रूपमा राख्नुने ।
- आफ्नो स्थानीय तहमा बसोबास गर्ने सम्पूर्ण नागरिकलाई कोरोनाविरूद्धको खोप उपलब्ध गराउने कार्यमा समन्वय र सहजीकरण गर्ने ।
- कोरोनाको प्रकोप आगामी केही वर्षसम्म निरन्तर रूपमा जारी नै रहने सम्भावना भएकोले आगामी आर्थिक वर्षको बजेट निर्माण गर्दा यसतर्फ ध्यान पुर्‍याउने ।
- स्थानीय तहमा रहेका सबै प्रकारका गैर-सरकारी संस्था तथा नागरिक समाजसँग समन्वय र सहकार्य गरी परि चालन गर्ने ।
- महामारीको मौका छोपी बजारमा वस्तुको अभाव हुनसक्ने, मूल्य वृद्धि हुनसक्ने र कृतिम अभाव समेत हुनसक्ने भएकोले नियमित रूपमा बजार अनुगमनको व्यवस्था मिलाउने ।
- भेला तथा बैठक आयोजना नगर्ने, हुन पनि नदिने । सम्भव भएसम्म बैठक भर्चुअल विधिमार्फत् गर्ने ।
- न्वारान, पास्नी विवाह, व्रतबन्ध, मृत्यु संस्कारजस्ता सामाजिक कार्यमा न्यूनतम व्यक्तिमात्र उपस्थित भई सम्पन्न गर्ने व्यवस्था गर्ने ।
- उपभोक्ता समितिमार्फत सञ्चालन हुने स-साना निर्माण सम्बन्धी कार्यहरू कोरोनाको प्रकोप नघटेसम्म स्थगित गर्ने ।
- क्षितिजीय सिकाइ (होरिजेन्टल लर्निङ) प्रकृयामा जोड दिई स्थानीय तहहरूबीचका असल अभ्यासको आदान प्रदान गर्ने ।
- प्रमुख जिल्ला अधिकारी, सुरक्षाकर्मी र स्वास्थ्यकर्मीसँग निरन्तर सम्पर्कमा रही स्थानीय वस्तुस्थितिको अद्यावधिक गराई आवश्यक सहयोग लिने ।
- अग्रपंक्तिमा खटिने स्वास्थ्यकर्मीको मनोबल उकास्नका लागि बीमा तथा जोखिम भत्ताको व्यवस्था गर्ने। कोरोना संक्रमणको जोखिम न्युनीकरण, रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धमा भए गरेका क्रियाकलाप समेटेर प्रतिवेदन तयार गर्ने ।
- संक्रमणबाट जोगिने उपाय, संक्रमण भइसकेपछि गर्न हुने र नहुने कुरा, तथा परिवारका सदस्यले निर्वाह गर्नुपर्ने दायित्वजस्ता विषयवस्तु समेटेर एक निर्देशिका तयार गरी वितरण गर्ने ।

निषेधाज्ञा जारी भएको अहिलेको अवस्थालाई धरैजसोले कोभिड होलीडेको रूपमा बुझेका छन् । यो बुझाइ सर्वथा गलत छ । वर्तमान संकटबाट मुक्ति पाउनका लागि सबैले आ-आफ्नो ठाउँबाट सक्नेसम्मको योगदान दिनु आवश्यक छ । अरूबेला हामी आठ घन्टामात्र काम गर्थ्यौं भने अहिले कम्तीमा सोह्र घन्टा खट्नु पर्ने अवस्था रहेको छ। यस्तो बेला सर्वसाधारण जनताले घर बाहिर ननिस्केर संक्रमण रोक्न योगदान गर्न सक्छन् भने जनप्रतिनिधि जनताको अभिभावक भएको हुँदा हर तरहले यो महाविपत्तिका विरूद्ध जुट्नु आवश्यक पर्छ । त्यसैगरी कर्मचारीतन्त्रले समग्र व्यवस्थापकीय कार्यमा खट्ने र प्रहरी प्रशासनले अनुगमन तथा नियमनमा थप सशक्त भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । संक्रमणको जोखिम न्यूनीकरण, रोकथाम, नियन्त्रण तथा उपचारमा सबैभन्दा ठूलो भूमिका भनेको अग्रपंक्तिमा खटिने स्वास्थ्यकर्मीको हुन्छ। यस्ता स्वास्थ्यकर्मीले पलपलमा आफ्नै स्वास्थ्यमाथि जोखिम मोलेर बिरामीको उपचारमा तल्लीन हुनुपर्ने अवस्था छ । यदि कोरोनाको व्यवस्थापनमा खटिने कसैलाई प्रोत्साहन दिन सकिन्छ भने पहिलो प्राथमिकता यिनै अग्रपंक्तिमा खटिने स्वास्थ्यकर्मीलाई दिनुपर्छ । स्थानीय स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीलाई आफ्नो कार्य क्षेत्रभित्र पर्ने बस्तीको कुन घरमा मधुमेहको बिरामी छ, कुन घरमा उच्च रक्तचापको बिरामी छ, कुन घरमा दमको बिरामी छ, कुन घरमा गर्भवती महिला छ, कुन घर मा बुढाबुढी छन् भन्ने जस्ता यावत् सूचना हुने भएकाले महामारी नियन्त्रणमा पनि यी नै स्वास्थ्यकर्मीले ठूलो योगदान पुर्‍याउन सक्छन् । स्थानीय तहले उनीहरूलाई उच्च मनोबलका साथ कार्य क्षेत्रमा खट्ने वातावरण भने निर्माण गर्नुपर्ने हुन्छ । अहिले मानव जीवनमाथि नै संकट छाएको अत्यन्त कठिन र असाधारण परि स्थिति छ। तसर्थ 'पहिला नागरिकको जीवन रक्षा गरौं' भन्ने मूल मन्त्रकासाथ काम गर्नु अपरिहार्य छ। यो संकटपूर्ण घडीको सामना पनि असाधारण तरिकाले खटेर नै गर्न सकिन्छ ।

विपत्ति सधैंभर आउँदैन तर आइपरेको बेला सामान्य अवस्थाको भन्दा दोब्बर खट्नु आवश्यक हुन्छ भन्ने तथ्यलाई जिम्मेवार सबैले मनन गन जरूरी छ । महामारीको उपचार अत्यन्त दुरूह हुने भएकोले उपचार गर्नुभन्दा रोकथाम र नियन्त्रणमा जोड दिनु नै बुद्धिमत्तापूर्ण हुन्छ । कोरोना रोकथाम र नियन्त्रणमा स्थानीय सरकारको भूमिका अत्यन्त प्रभावकारी हुने हुँदा स्थानीय तहबाट तदनुरूपको अपेक्षा सबैतिरबाट गरिएको छ ।

अन्तमा, भगवान श्रीकृष्णले महाभारतको युद्धका प्रमुख पात्र अर्जुनको भय निवारणका लागि कर्मयोग (निष्काम कर्म) मा जोड दिनुभयो र कर्मकै माध्यमबाट अर्जुनले विजय पनि हासिल गरेको तथ्यलाई आत्मसात गरी हामी सबै आ-आफ्नो ठाउँबाट कर्ममा जुटौं । यसैबाट सबैको कल्याण हुन्छ।

# वास्तुअनुसार घरमा केको छाया पर्दा अशुभ हुन्छ ?



वास्तुशास्त्र हरेक दिशा र कोणलाई हेरेर व्याख्या गर्ने शास्त्र हो । मुख्यतया ८ वटा दिशालाई महत्वका साथ हेर्ने यस शास्त्रले घर बनाउँदा कुन दिशामा कस्तो प्रयोजनको सामान राख्ने भनेर पनि सुझाव दिने गर्छ । सूर्यको किरण, घरको वातावरण अनुसार चिस्यानको सम्भावना जस्ता पक्षले वास्तुलाई निर्देशित गरेको हुन्छ । वास्तुले हरेक व्यावहारिक पक्षलाई आधार मानेर विश्लेषण गर्ने गर्छ । हिमालको काखमा भएको घरको ढोका दक्षिणतर्फ फर्काउने गरिन्छ भने पश्चिमबाट हावा चल्ने घर मा पूर्वतर्फ ढोका राख्ने गरिन्छ । त्यस्तै घरको माथि ठूलो रूखको छाया छ भने त्यसले सो घरमा बस्ने मान्छेको प्रगति रोक्छ भन्ने मान्यता राखिन्छ । यसरी वास्तुले स्थानलाई आधार मानेर मान्छेको व्यावहारिक पक्षलाई खोतल्ने गर्छ ।

अग्निले प्रतिनिधित्व गर्ने कोण भएकोले आग्नेय कोणलाई ऊर्जाको लागि उपयुक्त मान्ने गरिन्छ । आग्नेय कोण पूर्व र दक्षिणतर्फको कोण हो । सूर्य उदाएलगत्तै सबैभन्दा पूर्वतर्फको भाग सूर्यको स्पर्शमा पर्छ । त्यसैले यो कोणले आफैंमा ऊर्जाको प्रतिनिधित्व गर्ने गर्छ । त्यसकारण यो विश्वास गरिन्छ कि यस दिशामा एक किसिमको विशेष ऊर्जा पाउन सकिन्छ । यस दिशामा भान्साकोठा राख्नु उपयुक्त मानिन्छ । यसतर्फ बिजुलीका उपकरणहरु समेत राख्न सकिन्छ । वास्तुशास्त्रमा धैरे प्रकारका भेदहरु हुन्छन् । यी सबैले घर निर्माणको विभिन्न पक्षलाई उजागर गर्ने गर्छ । वास्तुशास्त्रमा हावापानी, सूर्य उदय र अस्त जस्ता विभिन्न कोणबाट यसलाई प्रस्तुत गर्ने गरिन्छ । यसमध्येको एक हो छायावेध हो। छायावेधले घरमा के-केको छाया पर्दा कस्तो असर देखिन्छ भन्ने बारेमा निर्णय गर्ने गर्छ । ज्योतिष शास्त्रमा छायालाई राहु र केतुको प्रतीक मानिन्छ । परिवारमा बस्ने सदस्यहरु छायाको कारण नै प्रायः बिरामी हुन्छन् भन्ने मान्यताका आधारमा घरमा छायाको प्रभावबाट बच्नुपर्छ भन्ने मान्यता राखिन्छ । कुन वस्तुको छाया घरमा पार्नु हुँदैन भन्नेबारेमा यहाँ उल्लेख गरिएको छ ।

१. ध्वज छायाको असरः ध्वज छाया भनेको झण्डाको छाया हो । मन्दिरको १०० फिट आसपास बनाइएको घरहरु झण्डाको छायाबाट ग्रस्त हुने गर्छन् भन्ने मान्यता छ । तर यो मन्दिरको उचाइ र झण्डाको उचाइमा निर्भर हुन्छ । हिजोआज मन्दिरभन्दा अग्ला घरहरु बन्न थालेका छन् जसले गर्दा यो समस्याको जोखिम पनि कम हुने गर्छ ।

२. मन्दिर छायाको असर : यदि बिहान १० देखि ३ बजेसम्म अर्थात् मध्याह्नको आसपासमा मन्दिरको छाया घरमा परेको छ भने अर्थात् मध्य घामको केही घण्टा अघिपछि घरमा मन्दिरको छाया परेको छ भने यसले अशुभ फल दिन्छ भन्ने मान्यता छ । यस्तो छायाका कारण परिवारमा अशान्ति, व्यवसायमा घाटा र विवाह वा सन्तानमा ढिलाइ हुने गरेको छ ।

३. पर्वतको छायाको असर : यदि तपाईंको घरको नजिक कुनै पहाड छ र जसको छाया तपाईंको भवनमा परेको छ भने त्यो पनि अशुभ हुन सक्छ । भवनको पूर्वी भागमा पहाडको छाया पर्‍यो भने मान्छेको ख्यातिमा त्यसले असर गर्छ भन्ने मान्यता छ ।

४. भवनको छायाको असर : यदि तपाईंको घरभन्दा ठूलो घर छ र त्यसको छाया तपाईंको घरमा पर्छ भने यसबारे पनि चासो दिनु आवश्यक हुन्छ । आफ्नो घरले कुवा वा इनारमा छाया पार्न दिनुहुँदैन ।

५. रूखको छायाको असर : यदि रूखको छाया मध्याह्नको आसपास घरमा पर्छ भने यो वास्तु अनुसार हानिकारक हुन्छ । यसमा पनि दिशाको ज्ञान हुनु आवश्यक छ । यो छायाले सो घरमा बस्ने व्यक्तिको प्रगति रोक्छ भन्ने वास्तु शास्त्रीय मान्यता छ ।

## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

# कोरोना महामारीमा सामाजिक अभियन्ताहरूको सक्रियता





◆ विकास संवाददाता

कोरोना महामारी विरूद्धको अभियानमा मकवानपुरका सामाजिक अभियन्ताहरूले सक्रियता देखाएका छन् । कोरोना संक्रमण रोकथाम, न्यूनिकरण एवं उपचारमा मकवानपुरका केही सामाजिक संस्था र ति संस्थामा आवद्ध सामाजिक अभियन्ताहरू सक्रिय रहेका हुन् ।

हेटौंडामा रहेका लायन्स र लियो क्लव, नेपाली कांग्रेस कोभिड–१९ अनुगमन समिति, सहयोगी मन नेपाल जस्ता संस्थाहरूले कोरोना महामारीमा सहयोगको काम गरिरहेका छन् । लायन्स र लियो क्लवले जिल्ला प्रहरी कार्यालयमा अक्सिजन बैंक स्थापना गरेको छ । बैंकबाट आइतबारसम्ममा ८० जनाले अक्सिजन सिलिण्डर प्राप्त गरेका छन् । बैंकबाट कोरोना संक्रमितलाई पहिलो प्राथमिकतामा राख्दै दम, बाथ लगायतका रोगीलाई पनि निःशुल्क अक्सिजन सलिण्डर प्रदान गरेको लियो अक्सिजन बैंक संयोजक राजेश वाग्लेले जानकारी दिए । लायन्समा आवद्ध सामाजिक तथा व्यवसायिक व्यक्तित्वको सहयोगमा अक्सिजन सिलिन्डर व्यवस्था गरेको गरेको जनाईएको छ ।

हाल ३६ सिलिन्डर र आइतबार थप भएको ४० सिलिन्डर जिल्ला प्रशासन कार्यालयको समन्वयमा भर्नको लागि विराटनगर पठाइएको छ । ति सिलिण्डर सोमबार राति आईपुगेपछि पुनः समस्यामा परेकाहरूलाई वितरण गरिने वाग्ले बताए । अक्सिजन सिलिण्डर निःशुल्क प्राप्त गर्नका लागि चिकित्सकको प्रेसक्रिप्सन, कोरोना पोजेटिभ रिपोर्ट र नागरिकताको फोटोकपी आवश्यक लिने गरिएको उनले बताए । सामाजिक अभियानबाट सहयोग हासिल गरेकाहरूको खुशीले आफुहरूलाई थप काम गर्ने प्रेरणा मिलिरहेको वाग्लेको भनाई छ ।

त्यस्तै, नेपाली कांग्रेसले गठन गरेको कोभिड–१९ अनुगमन समिति मकवानपुरले पनि कोरोना रोकथाम, नियन्त्रण र उपचारमा काम गर्दै आएको छ । कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता एवं जिल्ला सभापति इन्द्रबहादुर बानियाँको निर्देशनमा खटिएको समितिले अग्रपंक्तिमा खटिने पत्रकार र सुरक्षाकर्मीलाई मास्क, सेनेटाईजर, ग्लोभ्स जस्ता स्वास्थ्य सामग्री वितरण गरेको छ । त्यस्तै, हेटौंडा अस्पतालका सुरक्षाकर्मीहरूका लागि पुनःप्रयोग गर्न मिल्ने पिपिई सेट सहयोग गरेको छ । त्यस्तै पूर्वी नवलपरासी पुगेर प्रशासन र प्रहरीको समन्वयमा ४० थान अक्सिजन भरिएको सिलिण्डरको व्यवस्था गरेको समितिका संयोजक उत्सव इटेनीले जानकारी दिए । नेपाली कांग्रेसले कोरोना महामारी विरूद्धको अभियानमा राज्यलाई सहयोग गरेको उनले बताए । कोरोनाको काममा भईरहेका कमजोरीको बारेमा खबरदारी गर्ने र राज्यका विभिन्न निकायलाई सबै खाले सहयोग गर्ने काम समितिले गरिरहेको इटेनीको भनाई छ ।

सहयोगी मन नेपालले निरन्तर कोरोना महामारीको समयमा समस्या परेकाहरूलाई आर्थिक, खाद्यान्न, स्वास्थ्य सामग्री सहयोग गर्दै आएको छ । संस्थाले पत्रकारहरूलाई मास्क, पोषण प्याकेज, अलपत्र परेकाहरूलाई उद्धार र खाना खुवाउने काम समेत गरेको छ । विपदको समयमा समस्यामा परेकाहरूलाई सहयोग गर्न पाउँदा आत्मसन्तुष्टी मिलेको संस्थाका अध्यक्ष केदार चौलागाईले बताए । आफुले व्यक्तिगत रूपमा थालेको कामलाई विभिन्न सामाजिक व्यक्तित्वले समेत सहयोग गरि रहेको उनको भनाई छ । चौघडा क्षेत्रमा समुदायस्तरबाट रेस्पोन्स टिम गठन गरेर सहयोग काम थालिएको छ । यसले कोरोनाविरूद्धको काम, उपचार, राहत र उद्धारको काम गर्ने हेटौंडा–६ का वडा अध्यक्ष अर्जुनप्रसाद चौलागाईंले बताए ।

कोरोनाको रोकथाम, नियन्त्रण र उपचारमा संघीय र प्रदेश सरकारको काम अपर्याप्त भईरहेको गुनासो आईर हँदा यस्ता सामाजिक अभियन्ताहरूले कोरोना र अन्य रोगका विरामीहरूलाई राहतको काम गरिरहेको भन्दै प्रशंसा समेत भईरहेको छ । उनीहरू जस्तै अन्य संस्थाहरूले पनि विपदको यस अवस्थामा सहयोग गर्नुपर्ने माग समेत भईरहेको छ ।

# सुरक्षासँगै कोरोना नियन्त्रणमा 'मकवानपुर प्रहरी'



◆ विकास संवाददाता

नेपाल प्रहरीको प्रमुख दायित्व भनेको शान्ति सुरक्षा कायम गर्नु हो । अहिलेको कोरोना महामारी नियन्त्रणमा पनि प्रहरीले आफुलाई अग्रभागमा उभ्याएको छ । मकवानपुरमा ६ सय प्रहरी कोरोना नियन्त्रणको अभियानमा परिचालन गरिएको छ । विशेष गरी नगर क्षेत्रमा मकवानपुरका प्रहरी उपरीक्षक सोमेन्द्रसिंह राठौर र प्रहरी नायव उपरीक्षक जयश्वर रिमाल, वडा प्रहरी कार्यालय हेटौंडाका प्रहरी निरीक्षक कृष्णप्रसाद विष्ट, इन्स्पेक्टर अविनाश अधिकारी, राजकुमार सापकोटा सहितको टोली परिचालित छ ।

बाक्लो जनघनत्व र प्रदेशको राजधानी हेटौंडामा निषेधाज्ञालाई कडाईका साथ परिचालन गराउन अहिले हेटौंडाका चोकचोकमा प्रहरी परिचालित देखिन्छात्यस्तै, ईलाका प्रहरी कार्यालय पशुपतिनगर, भिमफेदी, पालुङ, मनहरी, ठिंगन, फापरवारी, मकवानपुर गढीसहित जिल्लाका विभिन्न स्थानमा रहेका प्रहरी इकाईले कोरोनाविरूद्धको अभियानमा समुदायसंग मिलेर काम गरिरहेको मकवानपुरका प्रहरी नायव उपरीक्षक जयश्वर रिमालले जानकारी दिए ।

'समुदायसंग मिलेर आफ्नो माथिल्लो निकायले दिएको निर्देशन अनुसार नेपाल प्रहरी मकवानपुरमा परि चालित भएको छ ।'–उनले भने–'समुदायको अप्ठ्यारोमा सहजिकरण गर्दै कोरोना नियन्त्रण अभियानमा मकवानपुर प्रहरी सक्रिय छ ।' प्रहरीले कोरोना नियन्त्रणका लागि तोकिएको समय भन्दा बाहेकको समयमा खुलेका बजार बन्द गराउने, विभिन्न नाकामा सवारी चेकजाँच, घरमै कोरोना संक्रमितको मृत्यु हुँदा शव व्यवस्थापन, प्रशासनको निर्णय कार्यान्वयनका लागि नियमित अनुगमन,मास्क नलगाएकालाई कडिकडाउ गर्ने र जनचेतना फैलाउने कार्यमा विभिन्न संघ संस्थासँग सहकार्य,अनावश्यक हिँडडुलमा कडाई, सवारी पासको दुरूपयोग नियन्त्रण जस्ता क्षेत्रमा काम गरिरहेको रिमालले बताए ।

डिएपसी रिमालले निषेधाज्ञा अगावै बजार तथा सार्वजनिक यातायातमा मास्क नलगाई हिडेका १० हजार ५०५ जनालाई मास्क वितरण गरेको,५२ वटा कोरोना सम्बन्धी जनचेतनामुलक कार्यक्रमको आयोजना गरिएको र ५ हजार ८२१ जना मास्क नलगाई हिडेकालाई मास्क दिएर सम्फाई बुफाई गरेको तथा सम्फाउदा र सुचना जारी गर्दा समेत अटेर गरी मास्क नलगाउने ५२८ जनालाई कार्वाही गरेको बताए । उनले निषेधाज्ञा लागु भएपछि निषेधाज्ञालाई उल्लंघन गर्ने ६५ जना मानिसलाई सम्फाई बुफाई गरि छाडिएको र निषेधाज्ञामा तोकेको समय भन्दा बाहेक पसल खोल्ने र निषेधाज्ञा उल्लंघन गर्ने ३२ जना मानिसलाई आवश्यक कार्वाही गरेको,त्यसैगरी निषेधाज्ञा उल्लंघन गरी चलाएका २ हजार ३५९ सवारीलाई सम्फाई बुफाई गरी छाडेको र २ सय ६१ सवारीलाई कार्वाही गरेको बताए ।

यो वाहेक नियमित घटना दुर्घटना, दैविक प्रकोपमा उद्धार जस्ता काममा पनि उत्तिकै चनाखो रहेको उनको भनाई छ ।कोरोना नियन्त्रणको अभियानमा आफ्ना केही सुरक्षाकर्मी समेत कोरोना संक्रमित भएपनि मकवानपुरमा चुस्त ढंगले प्रहरी परिचालनको काम भएको उनको दावी छ ।

अभियानका क्रममा मकवानपुर प्रहरीले समुदायका मानिसलाई अनावश्यक हिडडुल नगर्न, हिड्नै परे सुरक्षा मापदण्ड अपनाएर हिडन सबैलाई अनुरोध गरेको बताउदै कमजोरी पाईए प्रहरीलाई सुफाव दिन समेत उनले आग्रह गरेका छन् ।

# 'अटो एम्बुलेन्स' वडा प्रहरीको नियन्त्रणमा

◆ विकास संवाददाता

विरामी ओसारपसार गर्न व्यवस्था गरेको अटो एम्बुलेन्स दुरूपयोग भएको पाइएपछि नियन्त्रणमा लिईएको छ । वडा प्रहरी कार्यालय हेटौंडाका प्रहरी निरीक्षक कृष्णप्रसाद विष्टको टोलीले हेटौंडा–८ बाट नियन्त्रणमा लिएको हो ।

हेटौंडा–१ का लागि ताकिएको एम्बुलेन्स हेटौंडा–८ स्थित मासु पसलमा मासु किनिरहेको अवस्थामा नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ । निषेधाज्ञाभरी कोभिड–१९ का विरामी बोक्न मकवानपुर प्रशासनबाट अनुमति प्राप्ट अटो एम्बुलेन्स हेटौंडा–८ मा मासु खरिद गर्न पुगेको पाइएको छ । चालकले समेत आफुले प्रयोजन विपरित काममा अटो एम्बुलेन्स प्रयोग गरेर गल्ती गरेको स्विकारेका छन् । यसअघि पनि अटो




एम्बुलेन्सले अन्य यात्रुलाई बोकेर आम्दानी गर्ने गरेको गुनासो आएको थियो ।

अटो एम्बुलेन्सले अन्य जिल्लामा यात्रु बोक्ने र सम्पर्कमा भएका विरामी बाहेकका यात्रु ओसारपसार गर्ने गरेको गुनासो अटो व्यवसायीले नै गुनासो गरेका छन् । अटो एम्बुलेन्स दुरूपयोग रोक्नुपर्ने उनीहरूको भनाइ छ ।

उपभोग्य सामाग्री खरिद गर्दा उपभोग मिति अनिवार्य हेरौं ।



जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७

# प्रशासनको निषेधाज्ञा मिच्दै, वडाको अर्को सार्वजनिक सूचना

◆ विकास संवाददाता

जिल्ला प्रशासन कार्यालय मकवानपुरको निषेधाज्ञा नै उलंघन हुने गरि थाहा नगरपालिकाको ७ नम्बर वडा कार्यालयले छुट्टै सार्वजनिक सूचना जारी गरेको छ ।

वडाध्यक्ष सनम सिं मुक्तानद्वारा जारी सुचनामा जिल्ला प्रशासन कार्यालय कै निषेधाज्ञाको उलंघन हुने गरि जारी भएको हो । जिल्ला प्रशासनले गत बैशाख ३० गते जारी गरेको निषेधाज्ञामा अत्यावश्यक पसलहरू (खाद्यान्न, अन्न, दूध, फलफुल, तरकारी, माछामासु) बिहान ५ बजेदेखि ८ बजेसम्म मात्र खोल्न पाउने व्यवस्था छ । तर, वडा कार्यालयले किराना पसल विहान ६ बजेदेखि ९ बजेसम्म र बेलुकी साढे ४ बजेदेखि साढे ७ बजेसम्म खोल्न आदेश गरेको छ ।

"व्यवहारिक विषय एक पक्षीय कुरा हो तर, माथिल्लो निकायको आदेश उलंघन गरि सुचना जारी गर्नु हास्यास्पद मात्र नभइ कानुन कै उलंघन भएको हो ।" एक सरकारी अधिकारीले भने ।

वडाले पनि बैशाख ३० गतेकै मितिमा सूचना जारी गरेको देखिन्छ तर , जिल्ला प्रशासन कार्यालय मकवानपुर ले यस अगाडि पनि सोही बमोजिम कै सूचना जिल्ला भर कार्यान्वयनका लागि सुचित गरेको थियो ।

# कृषि शिक्षक निश्चल............

कृषकहरूको अर्डरअनुसार अहिले नर्सरीमा १२ हजार काउली, ८ हजार बन्दा, १८ हजार खुर्सानी र २ हजार गोलभैँडाका बेर्ना हुर्किरहेका छन् ।

नर्सरीमा ह्वाइट टप र सुपर जातको काउली, बिआर र बिक्सन जातको बन्दा, बक्सर, नामधारी र अकबरे खुर्सानी र सिर्जना जातका गोलभैँडाका बेर्ना रहेका छन् । बीउ राखेको १५ देखि २० दिनसम्म काउली–बन्दा र २० देखि २५ दिनभित्र खुर्सानी–गोलभैँडाको बेर्ना रोप्न तयार हुने उनी बताउँछन् । सामान्यतया खुल्ला जमिनको नर्सरीमा भन्दा ग्रीन हाउसमा १५ दिनअगावै बेर्ना तयार हुन्छ । तरकारीसँगै अब फलफूलको बेर्ना तयार गर्ने र सयपत्री, लिली, गुलावजस्ता फूलहरूको नर्सरी छिट्टै शुरू गरिने निश्चलको योजना छ । ग्रीन हाउसमा एकसाथ ६ लाख बेर्ना तयार पार्न सकिने क्षमता छ । ६ लाख बेर्ना विक्री गर्दा करिब रू. ३ लाख नाफा हुने निश्चलको अनुमान छ । यसपाली कृषकले खुल्ला जमिनमा तरकारीको बीउ राखेकोमा असिनाले बेर्ना सखाप पारेपछि निश्चलको हाइटेक नर्सरीमा बेर्नाको अर्डर आउन थालेको उनको भनाइ रहेको छ ।

ग्रीन हाउसमा तयार गरिएको बेर्नाबाट खेती गर्दा रोगव्याधी लाग्ने सम्भावना कम हुने र उत्पादनमा वृद्धि हुने भएकोले व्यवसायिक खेतीका लागि उपयुक्त हुने कृषि प्राविधिकहरूको भनाइ छ । हरेक विरूवाको निश्चित आयु हुने भएकोले तिनीहरूको जीवन चक्रलाई सहीरूपमा बुझेर खेती गर्न सके उत्पादन राम्रो लिन सकिन्छ । बीउ राखेको ९० दिनमा उत्पादन गरेर बेच्नु पर्ने बाली खुल्ला जमिनमा तयार गरिएको बेर्ना रोप्ने बेलासम्म ६० दिन गुज्रिसकेको अवस्थामा उत्पादन नाम मात्रको हुन्छ । ग्रीन हाउसमा छिटो बेर्ना तयार हुने भएकोले राम्रो उत्पादन दिने निश्चल बताउँछन् । अहिलेलाई थाहा नगर पालिका लक्षित गरिए पनि भविष्यमा मकवानपुर जिल्ला र हिमाली तथा पहाडी जिल्लाका कृषकहरूलाई लक्षित गरेर वेर्ना तयार पारिने निश्चलले बताए । 'मलाई पहिले यस प्रविधिबारे जानकारी थिएन, अहिले काम गर्दै जाँदा यसलाई मुलुकभरि नै विस्तार गर्ने हो भने कृषकले अधिकतम फाइदा पाउने देखेको छु,' निश्चलका साथी विनोद केसीले भने–'यो प्रविधिलाई सरकारले अध्ययन गरेर उसको कार्यक्रम भित्र समावेश गर्न जरूरी छ ।' यस्तो प्रविधिको प्रवर्धन गर्न सरकारले विशेष अनुदानको व्यवस्था गर्नुपर्ने विनोदको भनाइ रहेको छ ।

ग्रीन हाउसमा अन्यत्रभन्दा कम्तीमा ३ गुणा बढी तरकारी फलाउन सक्ने वातावरण हुने भए पनि तत्काललाई बेर्ना उत्पादनमै जोड दिइने निश्चल बताउँछन् । 'ग्रीन हाउसमा छिटो उत्पादन हुने खालका बन्दा, काउली, गाँजर, गोलभैँडा जस्ता खेतीगर्न सकिने भए पनि अहिलेको मुख्य लक्ष्य स्थानीय कृषकहरूलाई गुणस्तरीय बेर्ना उपलब्ध गराउनु नै हो', उनले भने । थाहानगर मा नयाँ प्रविधिको ग्रीन हाउस स्थापना गरेर नर्सरी शुरू भएपछि स्थानीय कृषकहरूका लागि अध्ययन केन्द्र बन्न थालेको छ ।

नजिकका कृषकहरू ग्रीन हाउसमा आएर अवलोकन गर्ने र वेर्नाको अर्डर गर्ने गरेको निश्चल बताउँछन् । नवीनतम प्रविधि भएकोले स्थानीय जनप्रतिनिधिहरू र कृषि प्राविधिकहरू पनि अवलोकनको लागि आउने गरेका छन् । निश्चलले अवलोकनकर्ताहरूलाई जापानिज प्रविधिको ग्रीन हाउसको उपयोगिताबारे बताउने थरेका छन् । 'कृषकहरूलाई यसको उपयोगिता मात्र होइन, व्यवसायिक खेतीबारे आवश्यक परामर्शसमेत दिने गरेको छु' उनले भने । आगामी दिनमा जनकल्याण माविका कृषि विषयका विद्यार्थीहरूले निश्चलकै नर्सरीमा ओजेटी गर्ने सोच बनाएका छन् । हाइटेक नर्सरी संचालनमा विश्वभर फैलिएको कोरोना भाइरसको प्रत्यक्ष प्रभाव नपरे पनि सामान ढुवानी र किसानसँग प्रत्यक्ष अन्तरक्रिया गर्न समस्या भएको निश्चलले बताए । 'नर्सरीका लागि ट्रे र पिटमस ल्याउन समस्या भइरहेको छ' उनले भने । तत्काललाई बीउबिजन भने नजिकको बजारमा पाइरहेको उनले जानकारी दिए । अहिले निषेधाज्ञाको अवधि चलिरहेको र समुदायमा कोरोना भाइरसको संक्रमण फैलिरहेकोले हाइटेक नर्सरीका बारेमा किसानसँग प्रत्यक्षरूपमा भेटेर अन्तरक्रिया गर्न नसकिएको बिनोदले बताए ।

विगतका केही वर्षदेखि थाहा नगरपालिकामा प्लास्टिकको टनेल प्रविधिबाट व्यवसायिक खेती गर्ने प्रचलन बढ्दै गएको छ । बाली उत्पादन र कृषकको आम्दानी सुरक्षित हुने भएपछि स्थानीय सरकारले पनि टनेल खेती प्रवर्धनमा जोड दिँदै आएको छ । थाहामा निश्चलले भित्र्याएको जापानी प्रविधिको ग्रीन हाउस र हाइटेक नर्सरीले भविष्यमा स्थानीय कृषि अर्थतन्त्रमा राम्रो योगदान गर्न सक्ने देखिन्छ ।

# स्वास्थ्य सामग्री सहयोग

◆ विकास संवाददाता

बागमती प्रदेश सरकारलाई जर्मनीको एक गैरसरकारी संस्था "ब्याक टु लाइफ"ले स्वास्थ्य सामग्री प्रदान गरेको छ । संस्थाले कोभिड–१९ को उपचार तथा व्यवस्थापनमा सहयोग हुने करीब १ करोड ७० लाख बराबरका विभिन्न स्वास्थ्य सामाग्री हस्तान्तरण गरेको हो ।

स्वास्थ्य सामाग्री मुख्यमन्त्री डोरमणि पौडेल र सामाजिक विकास मन्त्री सरस्वती बस्नेतको विशेष उपस्थितिमा सामाजिक विकास मन्त्रालयमा हस्तान्तरण गरिएको छ ।

संस्थाले मोबाइल उक्सरे २ थान, अक्सिजन कन्सन्ट्रेटर १८ थान, फेससिल्ड २ हजार ७ सय थान, पिपिइ ग्लोब्स ३० थान, सर्जिकल मास्क १ लाख थानलगायतको कोभिड–१९ रोकथाम तथा नियन्त्रणका लागि अति आवश्यक स्वासथ्य सामाग्री हस्तान्तरण गरिएको हो ।

कोभिड महामारीको बेला सामग्री सहयोग गर्ने संस्था र जर्मन सरकारप्रति खुशी व्यक्त गर्दै मुख्यमन्त्री पौडेल र मन्त्री बस्नेतले धन्यवाद दिए । यस संस्थाले सन् २००९ देखि नेपालमा स्वास्थ्य, शिक्षा र सामुदायिक क्षेत्रमा काम गर्दै आएको जनाइएको छ ।

# खानेपानी ट्याङ्की निर्माण

◆ विकास संवाददाता

मकवानपुरगढी गाउँपालिका वडा नं.२ भालुन्टारका स्थानीयले देउसी भैलो कार्यक्रमबाट संकलित रकम खानेपानी ट्याङ्की निर्माणमा खर्च गरेका छन् । देउसी भैलो कार्यक्रमबाट संकलित ९ हजार ५ सय ७५ रूपैयाँ खानेपानी ट्याङ्की निर्माणमा खर्च गरेको हो । तत्कालिन मकवानपुरगढी गाउँविकास समितिबाट बिनियोजित रू ५० हजार र स्थानीयहरूको जनश्रमदानमा पानी ट्याङ्की निर्माण गरिएपनि पुर्णरूप भने पाएको थिएन । बर्षाको कारण खानेपानी ट्याङ्की जिर्ण हुँदै गएपछि देउसी भैली कार्यक्रमबाट संकलित रकम र स्थानियहरूको जनश्रमदानमा पानी ट्याङ्की पुर्णरूपमा निर्माण गरिएको हो ।

गाउँका स–साना विकास निर्माणको काम गर्न सरोकार निकाय बजेट भन्दा पनि स्थानीयहरूको सक्रियतामा गर्न सकिने स्थानियहरूको भनाई छ । यसअघि पनि देउसी भैलीबाट उठेको रकमले जस्तापाता खरिद गरी ट्याङ्कीको छानो हालिएको स्थानियहरूको बताउँछन् । खानेपानी ट्याङ्की मर्मत पश्चात खानेपानी आपुर्तीमा सहज हुने स्थानिय उपभोक्ताहरू बताउँछन् । उक्त खानेपानी ट्याङ्कीबाट भालुन्टारका ४० घरधुरीहरू लाभान्वत छन् ।

# थाहानगरका कोभिड बिरामीलाई एम्बुलेन्स भाडामा आधा छुट



◆ विकास संवाददाता

कोभिड–१९ को दोस्रो भेरियन्टबाट थाहानगरमा धेरै संक्रमित हुन थालेपछि सबै बिरामीलाई एम्बुलेन्समा आधा भाडा छुट दिने निर्णय गरेको छ ।

कोभिड रोकथाम तथा नियन्त्रण निर्देशन समिति र एम्बुलेन्स व्यवस्थापन समितिका पदाधिकारीहरूको ३ जेठमा बसेको बैठकले थाहानगर भित्रबाट नगरभित्रकै स्वास्थ्य केन्द्रसम्म ल्याउन लान प्रचलित भाडा दरमा आधा छुट दिने निर्णय गरेको हो । बैठकले आधा भाडा समेत तिर्न नसक्ने बिपन्न परिवारका बिरामीलाई भने वडा कार्यालयको सिफारिसमा पुरै भाडा छुट दिने निर्णय गरेको छ ।

यसैबीच, थाहानगरमा एम्बुलेन्सको अभाव टार्न कोभिड बाहेकका बिरामी बोक्न जिम्मा लगाएको अटोरिक्सालाई जनगुनासो नआउने गरि भाडा लिन निर्देशन दिएको छ । अटो व्यवसायी संघका पदाधिकारीहरूसङ्ग बसेको बैठकले अटोलाई कोरोनाको बिरामी नबोक्न निर्देशन दिएको छ ।

कोरोनाको बिरामी बोक्दा संक्रमणको जोखिम बढ्न सक्ने भन्दै कोभिडको बिरामी नबोक्न र अन्य प्रयोजनका लागि अटो संचालन नगर्न अनुरोध गरेको हो । २ जेठसम्म थाहानगर मा २ सय २ जनामा कोरोना संक्रमण भैसकेको छ ।

# बाराही जात्रा : पूजा मात्र गरिने



◆ विकास संवाददाता

गत वर्ष कोभिड–१९ का कारण स्थगित उत्तरी मकवानपुरको प्रख्यात ३ वर्षे बाराही जात्रा यो वर्ष पनि दोस्रो भेरियन्टको प्रकोपका कारण पूजा मात्रै गरिने भएको छ ।

गुठी व्यवस्थापन समितिको ५ जेठमा बसेको बैठकले कोभिड–१९ को प्रकोपका कारण एक दिन निश्चित व्यक्तिहरूको मात्र सहभागिता हुने गरि नित्य पूजा गरेर सम्पन्न गर्ने निर्णय भएको अध्यक्ष इन्द्रबहादुर श्रेष्ठले बताए । तिथि अनुसार जेठ १५ देखि १७ गतेसम्म गर्नु पर्ने जात्राको आन्तरिक तयारी भने जेठ ८ गतेबाटै सुरू हुने भएकोले कोरोनाको संक्रमणको जोखिम बढ्ने भन्दै नगरपालिकाले जात्रा नगर्न आग्रह गरेको थियो । गत २ जेठमा गुठी तथा गुठियारहरूलाई नगरपालिकाले बैठक बोलाइ जात्रा स्थगन गर्न सुझाएको थियो ।

समितिले पनि पछिल्लो समय कोरोना संक्रमितको संख्या हरेक दिन बढेपछी अब एकै चोटि बि.स.२०८० सालमा अर्को जात्रा गर्ने गरि यो पटक पूजा मै सिमित गरिन लागेको हो ।

३ दिनसम्म चल्ने जात्रालाई यस वर्ष सिमित मानिसका बीच एकै दिनमा नित्य पूजा सम्पन्न गरि जात्रा समापन गर्ने निर्णय भएको अध्यक्ष श्रेष्ठले बताए ।

# थाहानगरमा स्वाव.......

५ जेठमा मात्रै थाहानगरमा २५ जनाको एन्टीजेन परिक्षणमा ९ जना पोजेटिभ भेटेपछि नगरमा संक्रमितको संख्या २ सय ६५ पुगेको छ ।

तीमध्ये आज थाहा ३ का एक जना संक्रमितको स्वासप्रस्वासमा समस्या आएपछि हेटौंडा रिफर गरिएको छ । हालसम्म १२ जना निको भएका छन् । ७ जनाको नगर बाहिर उपचार भैरहेको छ । एक जना बज्रबाराही आइसोलेसनमा छन् । २ जनाको मृत्यु भएको छ्भने २ सय ४२ जना होम आइसोलेसनमा छन् ।

पिसिआरका लागि हेटौंडा पठाएकाहरूको बुधबार कुनै पनि रिपोर्ट आएको छैन । १४ दिन अघिदेखि होम आइसोलेसनमा बसिरहेका बिरामी तथा कन्ट्राक्ट ट्रेसिङमा परेकाहरूको स्वाव परिक्षणका लागि पठाएका स्वावहरूको रिपोर्ट ६ जेठसम्ममा आउने अपेक्षा गरिएको छ । हरेक दिन वडाहरूबाट नमूना स्वावहरू संकलन गरि परिक्षणका लागि हेटौंडा पठाउदै आएको छ ।

# अक्सिजन सिलिन्डर र स्वास्थ्य सामाग्री सहयोग



◆ विकास संवाददाता

मकवानपुरको हेटौंडामा रहेको हेटौंडा अस्पताललाई मकवानपुर उद्योग वाणिज्य संघले अक्सिजन सिलिन्डर तथा हेटौंडा खानेपानी बोर्डले स्वास्थ्य सामाग्री सहयोग गरेको छ ।

मकवानपुर उद्योग बाणिज्य संघका उपाध्यक्ष कृष्ण अग्रवालले खरिद गरेको ८५ थान सिलिण्डर मध्ये ५९ थान अक्सिजन सिलिन्डर हेटौंडा अस्पताललाई प्रदान गरिएको हो ।

७ जेठमा नेपाली कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता ईन्द्रबहादुर बानियाँको प्रमुख आतिथ्यतामा हेटौंडा अस्पताल व्यवस्थापन समितिका अध्यक्ष राजेश प्रसाईलाई सिलिण्डर हस्तान्तरण गरिएको हो । हस्तान्तरण कार्यक्रममा संघका अध्यक्ष कृष्ण कटुवाल, उपाध्यक्ष कृष्ण कुमार गुप्ता (अग्रवाल), पदाधिकारीहरू,संघका सल्लाहकार नेपाली कांग्रेस कोभिड १९ अनुगमन समितिका संयोजक उत्सव इटेनी, पुरानो नारायणी संघ, निर्माण व्यवसायी संघ, औषधी व्यावसायी संघका प्रतिनिधिहरू, उपभोक्ता अधिकारकर्मी उपस्थिती रहेको थियो ।

त्यसैगरी हेटौंडा खानेपानी व्यावस्थापन बोर्ड हेटौंडा अस्पताललाई स्वास्थ्य सामग्री सहयोग गरेको छ। बोर्डले आफ्नो वार्षिक उत्सबका अवसरमा अस्पताललाई स्वास्थ्य सामाग्रि सहयोग गरेको छ । बोर्डले ७०थान पीपीइ सेट, ५० लिटर सेनिटाइजर, २ हजार थान मास्क सहयोग गरेको हो । खानेपानी बोर्डका अध्यक्ष प्रताप विष्ट र सदस्य कृष्ण कटुवालले अस्पतालका अध्यक्ष प्रसाईलाई उक्त सामाग्री हस्तान्तरण गरेका हुन् ।

# सई प्रधान उत्कृष्ट प्रहरी

◆ विकास संवाददाता

वडा प्रहरी प्रहरी कार्यालय सानोपोखरा हेटौंडामा कार्यरत प्रहरी नायव निरीक्षक जय बहादुर प्रधान जिल्लाकै उत्कृष्ट प्रहरी बन्न सफल भएका छन्।जिल्लाकै उत्कृष्ट प्रहरी घोषित भएसँगै प्रहरी नायव निरीक्षक प्रधानलाई जिल्ला प्रहरी कार्यालय मकवानपुरले बैशाख महिनाको उत्कृष्ट प्रहरीको रूपमा पुरस्कृत गरेको छ ।

मकवानपुर प्रहरी प्रमुख प्रहरी उपरीक्षक सोमेन्द्र सिंह राठौरले प्रदान गरेको प्रशंसापत्रमा प्रहरी नायव निरीक्षक प्रधानले ब्यबसायिक, इमान्दार,लगनशिल भई उत्कृष्ट कार्यसम्पादन गर्दै जिल्लाको कोराना सम्बन्धि सम्पुर्ण ब्यबस्थापन,विभिन्न मुद्दाका फरार रहेको प्रतिवादीहरूको खोजी कार्य गरी २ जनालाई पक्राउ गर्न सफल भएको, राजश्व नतिरी नगरभित्र संचालनमा आएका ट्याक्टरकालाई नियन्त्रणमा लिई कारवाहीको दायरामा ल्याउन सफल भएको,हेटौंडा उपमहानगरपालिका वडा नम्बर ५ सानोपोखरामा चोरी भएको बा १४ च १५२६ नम्बरको म्याजिक नियन्त्रणमा,अपराध अनुसन्धानमा दख्खल, उत्कृष्ट प्रहरी परिचालन, बिभिन्न निकायहरूसंगको ब्यबसायिक समन्वय, चुस्त प्रहरी प्रशासन सञ्चालन लगायत प्रहरी कार्यमा सुदृढ सम्बन्ध कायम गर्न सफल भएकोले ‘बेष्ट डिस्ट्रिक पुलिस अफ द मन्थ’ को रूपमा घोषणा गर्दै पुरस्कृत गरिएको उल्लेख गरिएको छ।

यस अघि वडा प्रहरी कार्यालय हेटौंडा प्रहरी प्रमुख प्रहरी निरीक्षक कृष्ण प्रसाद बिष्ट पनि चैत महिनाको मकवानपुरकै उत्कृष्ट प्रहरी घोषित भएका थिए।

# भयावह बन्दै कोरोना संक्रमित




◆ सुरेन्द्रमान प्रधान

थाहानगरमा अपत्यारिलो ढङ्गले कोरोना संक्रमितको संख्यामा वृद्धि हुँदै गएको छ । ६ जेठ राती ढिलो गरि प्राप्त पिसिआर रिपोर्ट अनुसार एउटै वडामा परिक्षणको ८० प्रतिशतमा कोरोना संक्रमण फैलिएको पाइएको छ ।

थाहा नगरपालिकाको १ नम्बर वडाको कुलगाउमा ५ जनाको पिसिआर रिपोर्टमा सबैको पोजेटिभ आएको छ । यता, १ नम्बरकै थोकर गाउँमा १० जनाको पिसिआर रिपोर्टमध्ये ७ जनाको पोजेटिभ आएको छ । संक्रमितहरूको कन्ट्राक्ट ट्रेसिङका आधारमा बिना लक्षणहरूको स्वाव संकलन गरि पठाएकोमा यस्तो डर लाग्दो रिपोर्ट आएको हो । संक्रमित भएकाहरू पनि "केही भएको छैन" भन्दै जथाभावी हिड्नु र स्वाव दिएकाहरू रिपोर्ट नआउदै जथाभावी निस्कनुको परिणाम भयावह बन्दै गएको छ ।

दोस्रो भेरियन्टबाट सतर्क हुन सरकारले सुचना जारी गर्नासाथ थाहा नगरपालिकाले स्तर्कताका उपायहरूको खोजी गरेको भएपनि प्रभावकारी हुन नसक्दा दिनानुदिन संक्रमणको गति तीब्र बन्दै गएको हो । नगरले संक्रमण बढ्न नदिन वडास्तरमा समेत समितिहरू गठन गरेपनि औपचारिक मात्र रहन पुग्यो । "हामी सबै चिन्तित भएर सुरक्षाका उपाय अपनाउन आवश्यक छ" मेयर लबशेर विष्टले ‘कोभिड नियन्त्रण तथा रोकथाम निर्देशन समिति’को बैठकमा बारम्बार भन्ने गरेपनि सबै गम्भीर भएर नलाग्नाले समस्या जटिल बन्दै गएको छ ।

वडास्तरमा नै नियन्त्रण गर्ने अभिप्रायले मेयरसहित निर्देशन समितिले वडा नम्बर १, २, ३, ४, ६, ९ र १० मा समितिहरू गठन गर्यो । अन्य बाकी वडाहरूमा समिति गठन गरि तत्काल कृयाशील हुने नगर कार्यपालिकाको बैठकले नै निर्णय समेत गरेको थियो तर , कोरोनाको संक्रमणलाई गम्भीरताका साथ लिएनन् । कतिपय वडाहरूमा त स्वाव दिने स्थानीय पनि फेला पार्न स्वास्थ्यकर्मीको टोलीलाई हम्मेहम्मे पर्यो । यो विश्लेषण लेख्दासम्म थाहानगरको १ नम्बरमा ४९, २ मा ३६, ३ मा ८०, ४ मा २६ जना संक्रमित भएको पुष्टि भैसकेको छ । यसैगरी, थाहा ५ मा ११, ६ मा २४, ७ मा १, ८ मा ३३, ९ मा ३, १० मा ६, ११ मा ८ र १२ मा २ जना गरि कुल २ सय ८२ जनामा संक्रमण पुष्टि भएको छ ।

कोरोना नियन्त्रण तथा रोकथामका लागि नगरअन्तर्गतका २ जना डाक्टरसहित १० जनाको टोली परिचालित छ । जम्मा २० बेडको आइसोलेसन सन्चालनमा छ, कुन्छालमा नागरिक सहभागिता सहितको ड्राइ आइसोलेसन सन्चालनको तयारीमा छ । हालसम्म जम्मा १२ जना निको भएका छन् । होम आइसोलेसनमा बसेका बिरामीहरूले स्वास्थ मापदण्ड पूरा नगरी "मलाई त कुनै पनि लक्षण छैन, खाना पनि खुब रूच्छ, स्वाद पनि हराएको छैन" भन्दै लापरबाहीको सीमा नाघेका छन् । बजारमा प्रहरीका लागि मात्र पसल बन्द गरिदिएका छन् । बिहे भोजमा मास्क लगाएर नाचगानमा भीड गरेका छन् । अरू त अरू, स्वास्थ्य जाँच गर्न गएकाहरूले नै भौतिक दूरी कायम गरेनन् ।

कतिपय, कोरोना "हाउगुजी" हो भन्दै लुडो, तासमा जमे । आफ्नालाई माया गर्दै नजिक हुने र अरूले खोके मात्र पनि हेला र घृणा गर्ने हाम्रो व्यवहारले सकेसम्म भित्र भित्रै पचाउन खोजे । अहिकेसम्म फेला परेका संक्रमितहरू कि त रोग पचाउनै नसके पछि स्वास्थ्य केन्द्र गए कि त बिरामीसङ्ग नजिक भएकै कारण मात्र जचाँउन बाध्य भए ।

गत वर्ष कोरोना कहर भरमा जम्मा ७५ जना संक्रमित भएको यो नगरमा ३ हप्तामा २ सय ८२ जना पुगिसक्दा पनि अझै ख्यालख्याल सम्झिरहेका छन् । जनप्रतिनिधिहरूले आफ्नो भूमिका देखाउनै सकेनन् । अहिले नगरपालिकाका १० जना कर्मचारीहरू पनि संक्रमित भएर आइसोलेसनमा बसेका छन् । वडा कार्यालयहरू करिव करिव बन्द नै छन् । यो अवस्थामा के गरेर समय बिताइरहेका छन् जनप्रतिनिधिहरू ? जेठ २ गते पठाएको स्वावको रिपोर्ट ६ गतेसम्म नआउदा आइसोलेसनमा रहेका केही बिरामीहरू चिन्तित छन् । कन्ट्राक्ट ट्रेसिङमा परेर स्वाव दिएकाहरू पनि रिपोर्ट ढिला हुँदा झन्डै बिरामीले जत्तिकै पीडा भोगिरहेका छन् ।

अझै पनि, मेरो वडामा केही भएको छैन, गाउँ हो, भौगोलिक बिकट छ, केही हुन्न भनेर बस्ने बेला छैन । संक्रमणको लक्षण देखिएकाहरू घरघरमा सुतेर लुकेका छन् । गाउँमा भएका बिहेले धेरैलाई हेटौंडासम्म दौडाए, अझै जेठ महिनामा झन्डै ८ वटा लगनहरू छन् । जनप्रतिनिधि भनेका सिफारिसमा सहि गर्न मात्र होइन, समाजमा अप्ठेरो पर्दा "म छु" भनेर उभिनका लागि पनि हो । अहिले हरेक नागरिक राजनीतिक रूपले कुनै न कुनै दलसङ्ग आबद्ध छन्, कम्तिमा आफ्ना कार्यकर्ता, शुभेच्छुकहरूलाई नियन्त्रण गर्न सहयोग होस् भन्ने हेतुले निर्देशन समितिमा राखिएको होला ।

हरेक दिन कोरोनासङ्ग लडाइँ लडेकाहरूको अन्तर्वार्ता सुन्दा नयाँ जीवन पाए भनिरहेका छन् तर, हाम्रो राजनीतिले "रिसाउला" भन्ने मनोभावले खुलेआम रोग संक्रमणको जोखिम बढाइरहेकालाई समेत केही भन्न नसकेर प्रहरीमा फोन गरिरहेका छौँ ।

समाजमा मानिस बाचे मात्र हाम्रो व्यापार, पेसा, व्यवसाय, राजनीति, समिति सबै रहन्छ, यहि समाज स्वस्थ्य नरहे कसको के रहन्छ र ? अझै नियन्त्रण बाहिर गैसकेको छैन, सबैले आफ्नो दायित्व र कर्तव्य निर्वाह गरौं ।




● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी